जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक २५ २०७६ साल माघ ५ गते आइतवार (19 Jan. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : जनप्रतिनिधिहरुले जनादेशको... पृष्ठ ३ मा : नेपालमा उखु खेतीको ... पृष्ठ ५ मा : अन्तर बिद्यालय क्रिकेटको ... पृष्ठ ६ मा : 'शब्द चयनमा होसियार ...

# धमाधम पक्राउ पर्दै फरार प्रतिवादी हालसम्म ६१ जना पक्राउ



**राजविराज**/सप्तरी प्रहरीले अदालतबाट सजाय पाएर र विधाराधीन मुद्दाका फरार प्रतिवादीहरुलाई पक्राउ गर्ने अभियान चलाएपछि एकै दिन एउटै नगरपालिकाका १० जना फरार प्रतिवादीहरुलाई पक्राउ परेका छन् । यो सँगै फरार प्रतिवादी पक्राउ पर्नेको संख्या ६१ पुगेको छ ।

सप्तरी प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद सजाय सुनाइएका र फैसला नहुँदै फरार रहेका प्रतिवादीहरु पक्राउ गर्न अभियान थालेपछि सो सफलता प्राप्त गरेको हो ।

प्रहरीले थालेको अभियानका कारण फरार अभियुक्तहरु पक्राउ पर्न थालेपछि अहिले राजविराज कारागारमा कैदी/बन्दीहरु कोचाकोच भरिन पुगेको छ ।

अदातलको फैसला कार्यान्वयन तथा शान्ति सुरक्षा सुदृढ बनाउने कामलाई तिब्रता दिएसँगै फरार अभियुक्त धमाधम पकाउ पर्न थालेपछि ती अपराधीलाई करागार चलान गर्दा करागारमा क्षमता भन्दा तेब्बर कैदीबन्दीले भरिएका छन् ।

क्षमता भन्दा तेब्बर कैदीबन्दी राख्दा करागारमा व्यवस्थापनको समस्या समेत देखिन थालिएको जेलर सत्य नारायण यादव बताउँछन् । मुलुककै पुराना कारागार मध्ये एक राजविराज कारागार एकातिर जिर्ण बन्दै गएको अवस्थामा १ सय २५ जनाको क्षमता भएपनि हाल ३ सय ४८ जना कैदी बन्दी राखिएको जेलर यादवले बताए ।

यसअघि एकै दिन १७ जना फरार अभियुक्तलाई पक्राउ गर्न सफलता प्राप्त गरेको प्रहरीले फेरी एकै दिन १० जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ ।

बिहीबार जिल्ला प्रहरी कार्यालय सप्तरीले पत्रकार सम्मेलनको आयोजना गरि ६ महिना यता विभिन्न अपराधमा संलग्न भई अदालतबाट सजाय तोकि फरार रहेका ३७ र अनुसन्धानका क्रममा फरार रहेका २४ गरी ६१ जना अभियुक्तलाई कारागार चलान गरि सकिएको जानकारी दिएको छ ।

सो पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक कृष्ण प्रसाइले यस अवधिमा ८ हजार १ सय २५ लिटर अवैध धरेलु मदिरा नष्ट गरिनुका साथै विभिन्न स्थानमा अवैध रुपमा लगाईएको ३१ हजार १८ गाँजाको बोट फडानी गरिएको जानकारी दिए ।

यस्तै सोही अवधिमा सवारी साधन नियम उलंघनमा १३ हजार ३ सय ४२ जना माथि कार्यवाही गरी ७९ लाख ८१ हजार ५ सय रुपैया राजश्व संकलन गरिएको उनले जानकारी दिए । यस अवधिमा विभिन्न अपराधका ४ सय ११ मुदा दर्ता भएकोमा २ सय ५९ मुदा फर्छ्योट गर्न सफलता मिलेको र बाँकी १ सय ५२ मुद्दा किनारा लगाउन प्रहरी दिनरात काम गरिरहेको पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको अपराध नियन्त्रण प्रतिवेदनमा उल्लेख छ ।

राम्रा काम गर्ने १५ जना प्रहरीलाई उत्कृष्ट प्रहरीबाट सम्मान तथा प्रहरी अनुशासन विपरित काम गर्ने ९ जनालाई विभागीय कार्यवाहीका लागी सिफारिस गरिएको एसपी प्रसाईले जानकारी दिए ।

यस्तै विहिबार पनि प्रहरीले ज्यान मार्ने उद्योगकका फरार प्रतिवादी राजविराज नगरपालिका १ निवासी हरिलाल यादवलाई पकाउ गरी करागार चलान गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक तिलक भारतीका अनुसार पक्राउ पर्नेहरुमा कुटपट मुद्दाका सर्वाधिक ७ जना छन् । सो मुद्दाका पक्राउ पर्ने फरार प्रतिवादीहरुमा खडक नगरपालिकाका हरेराम साह, सशत्रुहन साह, अमिन मियाँ, जमिला

*बाँकी अन्तिम पृष्ठमा*

# खेलाडी उत्पादन गर्ने उद्देश्यले क्रिकेट बिकास प्रतिष्ठान स्थापना

**राजविराज**/ सप्तरीबाट स्तरीय खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ क्रिकेट बिकास प्रतिष्ठानको स्थापना गरिएको छ ।

आयोजित कार्यक्रमका प्रमुख अतिथी जिल्ला समन्वय समितिका सभापति प्रभाकर यादवले सप्तरीको क्रिकेटलाई माथिल्लो स्तरसम्म पुर्‍याउन सप्तरी क्रिकेट संघको सहकार्यमा आफ्नो पुर्ण सहयोग रहने प्रतिबद्धता जनाएका छन् ।

क्रिकेट बिकास प्रतिष्ठानका अध्यक्ष ईन्द्र नारायण देवले सप्तरीको क्रिकेट बिकासको लागि ग्रासरुटबाटै खेलाडी उत्पादन गर्नका लागि बन्दशिविरको आयोजना संगै एकेडेमी निर्माण समेत गर्न पहल गर्ने जानकारी दिएका छन् ।

कार्यक्रममा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठले सप्तरीमा खेल गतिबिधी निरन्तर भएता पनी आवश्यक्ता अनुसारका क्रिकेट मैदान नभएकोले सो तर्फ समेत ध्यान दिनु पर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल क्रिकेट संघका पुर्वअध्यक्ष शैलेश कुमार चौधरीले क्रिकेट बिकास प्रतिष्ठानलाई सप्तरी क्रिकेट संघ संगको सहकार्यमा बिद्यालयका स्तरीय खेलाडष सीलाई प्रशिक्षण तथा स्तरीय क्रिकेट एकेडेमी संचालन गर्न सुझाव समेत दिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष श्यामसुन्दर यादव, बरिष्ठ पत्रकार शिवहरि भटराई, बरिष्ठ पत्रकार मुरली यादव, बरिष्ठ पत्रकार बैधनाथ यादव, खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज माझी, निजामति कर्मचारी महासंघ सप्तरीका अध्यक्ष अजय कुमार झा लगायतले सुझाव दिएका थिए ।









## सम्पादकीय

# अनियमिततालाई रोकौं

धेरै नेपालीलाई एक छाँक टार्न मुश्किल भइरहेको अवस्था छ । महँगी चरम रुप लिइसकेको अवस्थामा छाँक टार्नुबाहेक मिहिनेत, मजदूरी गर्ने नेपालीले केहि गर्न सोंच समेत नबनाएको अवस्था छ । अनियमतिता गर्न प्रश्रय पाइरहेका अवस्थामा आम नेपालीको जनजीवन कष्टमय छ । केही हद्सम्म सरकारी जागिरे राहतको साँस लिन्छन् । बाँकी नेपालीको जनजीवन दुःखमय छ । हुनेखानेका लागि कुनै समस्या नपर्न सक्छ । तर दिउँसो कमाए राति के खाने ? यस किसिमका समस्यासँग जुधिरहेका नेपालीको हालत अब कस्तो होला ?

चामल, दाल, तरकारीदेखि यात्रा गर्ने भाँडाको पनि मूल्य बढ्छ । तर मिहिनेत गर्नेको पारिश्रमिक सरकारी कर्मचारीबाहेक कसैको बढिरहेको अवस्था छैन् । केहि मात्र नीजि क्षेत्रले इमान्दारीपूर्वक श्रमिकको सम्मान गर्न जानेका छन् । नीजि क्षेत्रका श्रमिकको तलव नबढ्ने र सरकारले केहि दिनकै अन्तरालमा मूल्यबृद्धि गर्दै जाने हो भने देशमा सर्वसाधारणलाई बाँच्न नसक्ने स्थिति आउनेमा कुनै दुईमत रहँदैन् । हुन त ठूलो संख्यामा बेरोजगार भएको यो देशमा सानो जागिर खान पनि लाखौं रुपैयाँसम्म घूस नदिए त्यो पाउन पनि सम्भव हुँदैन् ।

कुनै किसिमको राहत प्याकेज नल्याउने र जनताकै पसिनाबाट आफू रमाएर पुनः जनताकै डाढ सेक्ने गरी बर्तमान राजनीतिक दलले गर्दै आएको गतिबिधी हरेक नेपाली नसहने स्थितिसम्म पुगिसकेका छन् । यदी देशमा जनता नै सुखी नभए कसैको सत्ता धेरै दिनसम्म रहन नसक्ने भएको हुँदा बर्तमान सत्तासिन मात्र नभई हरेक दलका लागि जरुरी भइसकेको अवस्था छ ।

# जनप्रतिनिधिहरुले जनादेशको कदर किन गर्न सक्दैनन् ?

नेपालको शिक्षा सेवा आयोगले लिने परीक्षामा हजारौं शिक्षित व्यक्तिहरुले प्रतिस्पर्धामा भाग लिन्छन् । हजारौं प्रतिस्पर्धी मध्येबाट केही सय मात्र पास हुन्छन् । जो उत्तीर्ण हुन्छन्, उनीहरु अन्य भन्दा बढी योग्य भएको कारणले उत्तीर्ण भएका हुन्छन् । उनीहरुले सरकारी तलब र सुविधा पाउँछन् । उनीहरु स्थायी हुन्छन् ।

तर, बिडम्बना ! नेपालको सरकारी विद्यालयका विद्यार्थीको गुणस्तर अत्यन्त कमजोर छ । हजारौं प्रतिस्पर्धीलाई उछिनेर अत्यन्त योग्य ठहरिएका शिक्षक र शिक्षिकाहरुले अध्यापन गराउने सरकारी विद्यालयमा शिक्षाको गुणस्तर किन कमजोर हुन्छ ?

हजारौं विद्यार्थीहरुलाई प्रतिस्पर्धामा उछिनेर सरकारी इन्जिनियरिङ्ग र मेडिकल कलेजमा भर्ना पाइन्छ । अन्य क्याम्पसको भन्दा सरकारी प्राविधिक क्याम्पसको पढाई पनि राम्रो हुन्छ । यहाँको शुल्क पनि नीजि क्याम्पसको तुलनामा अत्यन्त कम हुन्छ ।

यहाँबाट उत्तीर्ण भएका विद्यार्थीहरुले आ–आफ्नो क्षेत्रको रोजगारीमा हुने सबै प्रतिस्पर्धामा हजारौंलाई उछिनेर योग्य भई रोजगार पनि पाउँछन् । तर, बिडम्बना ! सरकारी अस्पतालहरुको गुणस्तर किन कमजोर छ ? सरकारी इन्जिनियरहरुले परीक्षण गरेर पास गरेका सडकहरुको गुणस्तर किन यति धेरै कमजोर छ ? कतिपय पक्की सडकहरु एक महिना पनि पुग्न नपाउँदै नै घाउँको पाप्रा उप्किए झैं किन उप्किन्छन् ?

सबै क्षेत्रहरुको प्रतिस्पर्धाहरुमा उत्तीर्ण भएर अब्बल ठहरिएकाहरुको बोली, व्यवहार र कार्यशैली पनि अझ बढी बिनम्र, असल र अब्बल हुनु पर्दछ भन्ने समाजको सदैव अपेक्षा रहेको हुन्छ । मानिस जति सुकै विद्वान भएपनि वा जतिसुकै ठूलो ओहोदामा पुगे पनि ऊ समाजको एउटा अंग हो र समाज भन्दा पर रहन सक्दैन ।

बहुलवादमा आधारित बहुदलीय लोकतन्त्रमा आवधिक निर्वाचनको व्यवस्था गरिएको हुन्छ । सबै देशको आ–आफ्नै निर्वाचन प्रणाली रहेको हुन्छ । नेपालमा स्थानीय तह, प्रदेश तह र संघीय तहमा फस्ट पास्ट द पोस्ट सिस्टमको निर्वाचन प्रणाली रहेको छ । यो निर्वाचन प्रणालीमा निकटम प्रतिस्पर्धी भन्दा एक मत बढी ल्याउने व्यक्ति नै बिजय हुन्छ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार एक व्यक्ति एक मतको आधारमा १८ वर्ष पुगेका बालिग मतदाताहरुलाई मताधिकारको व्यवस्था रहेको छ । निर्वाचन आयोगले प्रकाशित गरेको मतदाता नामावलिमा नाम भएको मतदाताहरुले मतदानमा सहभागि भएर मतदान गर्न सक्दछन् ।

निर्वाचनमा आफ्नो प्रतिस्पर्धी उम्मेदवारहरु भन्दा बढी मत ल्याएको उम्मेदवार नै विजयी हुन्छ ।

बहुदलीय लोकतन्त्रिक प्रणालीमा जन अभिमतको सबैभन्दा ठूलो महत्व हुन्छ । निर्वाचनमा जुन उम्मेदवारले सबैभन्दा बढी मत ल्याउँछ, उही विजयी हुन्छ र सो निर्वाचनमा आफ्ना प्रतिस्पर्धिहरु भन्दा बढी मत ल्याएकोमा उसलाई नै लोकप्रिय र अब्बल मानिन्छ । आवधिक निर्वाचन प्रणालीको सिद्धान्त अनुसार विजयी उम्मेदवारलाई लोकप्रिय र अब्बल उसको पदावधी सम्मको लागि मात्र मानिन्छ, सधैंको लागि होइन ।

आवधिक निर्वाचन प्रणालीले मतदाताले एक पटक जुन उम्मेदवारलाई मतदान गर्दछ, उसले सो उम्मेदवारलाई सधैंको लागि छनौट गरेको हुँदैन । मतदाताको मनस्थिति र मनोविज्ञान उसले मतदान गरेको उम्मेदवार वा सो दलको गतिबिधि र कार्यशैलीलाई लिएर परिवर्तन पनि हुन सक्दछ भन्ने मान्यताले आवाधिक निर्वाचन प्रणालीको व्यवस्था गरिएको हुन्छ, बहुलवादमा आधारित बहुदलीय निर्वाचन प्रणालीमा ।

देशको संविधान र संस्थाको बिधानले अवधि तय गरेको हुन्छ । यसैले लोकतान्त्रिक राज्य व्यवस्थामा कुनै पनि जन प्रतिनिधि राज्य सत्ताको स्थायी हकदार हुँदैन, जनअभिमतको आधारमा परिवर्तन हुने संभावना सदैव जिवित नै रहेको हुन्छ । बहुलवादमा आधारित बहुदलीय लोकतन्त्रको सुन्दर गहना एक व्यक्ति एक मतको व्यवस्था र आवधिक निर्वाचन प्रणाली पनि हो ।

लोकतान्त्रिक प्रणालीमा जुन अभिमतको आधारमा मतदानको प्रक्रिया मार्फत राज्य सत्ता परिवर्तन हुन्छ । यो व्यवस्थालाई बिधिको शासनले निर्देशित र नियन्त्रित गरेको हुन्छ । कुनै पनि निर्वाचित जनप्रतिनिधिको काम, कर्तब्य र अधिकारको व्यवस्था देशको संविधान र कानुनमा व्यवस्था भएको हुन्छ ।

नेपालका बिभिन्न सेवा आयोगहरुबाट आफ्ना हजारौं प्रतिस्पर्धीहरुलाई प्रतिस्पर्धामा उछिनेर उत्तीर्ण भएका अब्बल व्यक्तिहरुबाट आम सर्वसाधारण जनतालाई उनीहरुले दिने सेवा र गर्ने व्यवहार पनि उनीहरुका लाखौं प्रतिस्पर्धीहरु भन्दा सर्वश्रेष्ठ र सबैले सधैं प्रशंसा गर्न लायक हुनु पर्दछ भन्ने जन अपेक्षा सदैव रहेको हुन्छ ।

त्यसैगरि नेपालको बिभिन्न तहको निर्वाचनमा आफ्ना प्रतिस्पर्धी भन्दा बढी मत ल्याएर विजयी भएका जन प्रतिनिधिहरुले पनि आम सर्वसाधारण जनतालाई दिने सेवा र गर्ने व्यवहार पनि उनीहरुका प्रतिस्पर्धी भन्दा उत्कृष्ट, असल, बिनम्र, सर्वश्रेष्ठ र सबैले सधैं प्रशंसा गर्न लायकको हुनु पर्दछ भन्ने जन अपेक्षा सदैव रहेको हुन्छ । त्यसका साथै निर्वाचित जन प्रतिनिधिले निर्वाचनको समयमा आम जनताको बिचमा गरेका बिकास निर्माणका प्रतिबद्धता पनि समयमा नै पुरा गरेको हुनु पर्दछ भन्ने जन चाहना सदैव रहन्छ ।

आम नेपालीले आज स्थानिय तह, प्रदेश तह र संघीय तहका आफ्ना निर्वाचित जन प्रतिनिधिहरुसंग सुशासनको अपेक्षा गरेका छन्, विधिको शासनको चाहना राखेका छन्, मूल्य बृद्धि तत्काल नियन्त्रण होस् र बजारको नियमित अनुगमन भएर मनलाग्दो तरिकाले कसैले पनि कुनै पनि बस्तुको मूल्य बृद्धि गर्न नपाओस् अनि साथसाथै खाद्य पदार्थमा मिसावट गर्न नपाओस् भन्ने चाहेका छन् ।

औषधिको गुणस्तर कायम हुनु पर्दछ, खाद्य पदार्थको गुणस्तर कायम हुनु पर्दछ, पेट्रोलियम पदार्थको गुणस्तर कायम हुनु पर्दछ र सरकारको आधिकारिक निकायकोरुपमा रहेको गुणस्तर तथा नाप तौल विभाग अहिले भन्दा अझ धेरै नै नियमितरुपमा देश भरी नै सक्रिय हुनु पर्दछ । यदि यो विभागमा जनशक्तिको कमी छ भने नेपाल सरकारले आवश्यक जनशक्तिको व्यवस्था गरिदिनु पर्दछ ।

शिक्षा महँगो छ र यसको गुणस्तर खस्किँदो छ, स्वास्थ्य सेवा अझ धेरै महंगो छ र यसको पनि गुणस्तर सन्तोषजनक छैन । सेवा क्षेत्रहरुमा पनि महंगीले आकाश छोएको छ । आम जनताको आय बृद्धि हुने कुनै नयाँ कलकारखानाहरु खुलेका छैनन् ।

आय भन्दा व्यय धेरै भइरहेकोले आम नेपालीहरु दिनदिनै झन गरीब हुँदै गइरहेका छन् । हेर्दा हातमा हिजोको भन्दा बढी पैसा देखिन्छ तर मुद्रा स्फिति कारणले ती पैसाको वास्तविक मूल्य हिजोको तुलनामा कमजोर भईसकेको छ । धनी र गरीब बीचको आय असमानता दिन दिनै फराकिलो हुँदैछ ।

नेपालको अर्थतन्त्र केही हदसम्म रेमिट्यान्सले धानेको छ । तर यो कहिले सम्मको भन्ने यकिन छैन । रेमिट्यान्सले मानिसको पर निर्भरता पनि बढाएको छ । देशको ब्यापार घाटा दिनप्रतिदिन कहालिलाग्दो रुपमा अझ बढी फराकिलो हुँदै गई रहेको छ ।

पर्यावरणको दुष्प्रभावबाट नेपाल पनि बच्न सक्दैन । चुरे पहाडको दोहन भएर तराई दिनप्रतिदिन मरुभूमि हुने खतरा बढेर गई रहेको छ । आज पनि तराईको उत्तरी क्षेत्रमा चैत्र र वैशाख महिनामा खानेपानीको हाहाकार हुन्छ ।

तराईको उत्तरी क्षेत्रमा लगभग ३५० देखि ४०० फिट तल पानीको लेयर छ । तराईमा हरेक वर्ष ७ देखि १० फिटको दरले पानीको लेयर घटी रहेको छ । यस्तै अवस्था रहि रह्यो भने बीस वर्ष पछि तराईमा पानीको लेयर ६०० देखि ७०० फिट तल पुग्छ । पानीको लेयर ६०० देखि ७०० फिट तल भएको जमिनमा कुनै पनि अन्न बालीको उब्जाऊ हुँदैन । अनि तराई मरुभूमि हुन्छ किन हुँदैन ।

तराईमा हिजोको दिनमा मानिसको बस्ती भन्दा खोलाको सतह तल थियो तर अहिले बस्तिको सतह बराबर खोलाको सतह पुग्न लागि सक्यो । कतिपय स्थानमा बस्तीको सतह भन्दा खोलाको सतह माथि छ ।

चुरेको विनासको कारणले वर्षाको समयमा बाढी आउदा बस्तीमा पस्छ, बस्ती डुबान हुने समस्या हुन्छ अनि बाढीसँगै बगेर आएको बालुवा र ढुङ्गाले खेतबारी पुरिन्छ । खेतमा लगाएको सबै अन्नहरु सखाप मात्र हुँदैनन्, मलिलो माटो भएको खेतबारी बाढीसँगै आएको ढुङ्गा र बालुवाले क्षणभर मै अन्नबाली उब्जाऊ नहुने बन्जर जमिनमा परिणत गरिदिन्छ । खेत मरुभूमी हुन्छ । यसरी तराई बिस्तरै मरुभूमीमा परिणत हुँदैछ ।

तराई मरुभूमि भयो भने भावर र भित्रि मधेश पनि मरुभूमीमा परिणत हुन समय लाग्दैन । भावर र भित्रि मधेशमा पानीको मुहान सुक्यो र मरुभूमि भयो भने महाभारत पनि मरुभूमी हुन समय लाग्दैन ।

महाभारतमा पनि पानीको मुहान सुक्यो भने नेपालको तापक्रम अत्यधिकरुपले बढ्नेछ । यसको प्रभावले नेपालको हिमालयमा पर्नेछ । हिमालमा भएका हिउँ पनि अत्यधिक तापक्रमको कारणले चाँडै नै पग्लिनेछन् र नेपालको हिमालमा हिउँ देखिने छैन । बिस्तारै बिस्तारै बढदो तापक्रमको कारणले केहि शताब्दि पछि नेपाल पनि पानीको अभाव हुने देशमा रुपान्तरण हुने संभावना रहन सक्छ । यसैले अहिले देखि नै पर्यावरणको संरक्षण गर्नु आवश्यक मात्र होईन, अपरिहार्य पनि छ ।

अहिले देखि बातावरणलाई प्रदुषण गर्ने धेरै कालो धुँवा फ्याक्ने उद्योगहरु र गाडीहरुलाई कडा कानून बनाएर प्रदुषण कम गर्ने वैज्ञानिक उपायहरु अपनाउन नीतिहरु बनाउनु पर्दछ । हिमाल, महाभारत र चुरे क्षेत्रको संरक्षण गर्नु पर्दछ । तराईका नदीहरुमा तटबन्ध गर्नु पर्दछ । नदी र खोलाहरुलाई सफा र पानी बग्ने बनाउनु पर्दछ ।

आज तराईको धेरै नदीहरुमा जसमा मानिसहरु केहि समय अघिसम्म पौडी खेल्दथे, आज ति नदीहरुमा पानी देखिन्दैन । नदी, खोला, जलाशय क्षेत्र, सीमसार क्षेत्र, बन जंगल र भावरको जंगलको संरक्षण अनिवार्यरुपमा गर्न अहिले देखि नै कानुन र कार्य योजना बनाएर गरे मात्र पर्यावरणको संरक्षण हुन सक्छ, नत्र पछि धेरै ढीलो हुन सक्ला ।

यी र यस्ता धेरै समस्याहरु छन्, जसमा नेपाल सरकारको साथै आम नेपाली जनताको गम्भिर ध्यान जान जरुरी छ । आफ्नो बारेमा मात्र होइन, भावी सन्ततीको बारेमा पनि सोचेर हामीले हाम्रो व्यवहार र, संस्कार र नीतिहरुको छनौट गर्नु पर्दछ ।

बिभिन्न सेवा आयोगहरुको परीक्षामा अब्बल भएर उत्तीर्ण हुन गम्भिरताका साथ मिहनेत गरे झैं देशको सुन्दर भविष्य निर्माण गर्न र पर्यावरण जोगाउन त्यस भन्दाबढी मिहनेत गर्ने र नयाँ पुस्तालाई पनि पर्यावरण जोगाउनेबारे सुचित र सचेत गराईरहनु पर्दछ ।

निर्वाचन जित्नु अत्यन्त महत्वपूर्ण हुन्छ तर त्यो भन्दा पनि महत्वपूर्ण पर्यावरण जोगाउन आवश्यक छ । बैज्ञानिकहरु भन्छन् कि कतिपय समुन्द्रहरुको पानीमा अक्सिजनको मात्रा तीन प्रतिशत जति घटेको छ । यसले बढी अक्सिजन चाहिने टुना माछा र सार्क माछाको अस्तित्वलाई नै संकटमा पार्न सक्दछ भनि बैज्ञानिकहरुले चेतावनी दिएका छन् ।

पर्यावरण जोगियो भने मानिसले हासिल गरेको शिक्षा, स्वास्थ्य, सम्पत्ति र सत्ता काम लाग्ला । पर्यावरणको बिनास भयो भने केहि शताब्दीपछि मानव सभ्यताको नै संरक्षण गर्नु पर्ने दिन पनि आउन सक्ला ।

आज स्थानीय, प्रदेश र संघीय तहका सबै निर्वाचित प्रतिनिधिहरुले आम जनताको अपेक्षा अनुसार शासन सत्ता सञ्चालन गर्नु पर्ने, उनीहरुको समस्याहरुलाई सामाधान गर्नु पर्ने र आम जनताको नजरमा चोखो देखिनु पर्ने आवश्यकता छ । लोकतन्त्रमा जनप्रतिनिधिहरुले जनादेशको कदर गर्नु पर्दछ । बहुदलीय लोकतन्त्रमा कुनै पनि जनप्रतिनिधिहरु स्थायी हुँदैनन् । आवधिक निर्वाचनको माध्यमबाट जनप्रतिनिधिहरु परिवर्तन हुने सम्भावना रहिरहन्छ । खबरहबबाट

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा उखु खेतीको अवस्था



डा.श्रीभगवान ठाकुर

नेपालमा चिनी दैनिक रूपमा प्रयोग हुने उपभोग्य वस्तुको कच्चा पदार्थ उखु नै भएकोले औद्योगिक तथा नगदे वालीको प्रमुख स्थानमा रहेको छ। यसको खेती औद्योगिक दृष्टिकोणले तराईमा गरीन्छ। नेपालमा उखुको उत्पादकत्व बर्षौ देखि ३६ देखि ४६ मेट्रिक टन प्रति हेक्टर मात्र रहेको छ। जुन छिमेकी राष्ट्र भारतको महाराष्ट्रको तुलनामा एक तिहाई मात्रै छगरु। हाम्रै देशका केही अनुभवी कृषकहरूले ९० देखी १०० टन प्रति हेक्टर उत्पादन गरेको रेकर्ड पनि पाईन्छ। नेपालमा कूल चिनीको आवश्यकता (माग) भन्दा थौरे चिनीको उत्पादन भई बाँकी ५० हजार देखि १ लाख क्वी.सम्म (लगभग ५५प्रतिशत) चिनीको माग बाहिरीमुलुकबाट आयात गर्नु परेको अवस्थाले धेरै मुद्रा विदेशीने गरेको छ। जबकी हाम्रो देशमा जम्मा १३ वटा चिनी मिलहरू मध्ये हाल १० वटा मात्र सुचारू रूपले चलिरहेको छ। उखु उत्पादनको सम्भावना हेर्ने हो भने प्रकृतीले तराईको लागी वरदान भनेर दिएको छ। हाम्रो माटो, मौशम, भूबनोट, सामाजिक, आर्थिक अवस्था आदी सबै उखुको लागी उत्तम रहेको छ। हाम्रो देशको तराईको जिल्लाहरू मध्ये उखु खेती गरीने जिल्लाहरूमा रौतहट, सर्लाही, सिराहा, महोत्तरी, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, रूपन्देही, धनगढी आदी हुन्। उक्त जिल्लाहरू मध्ये मध्यमाञ्चलका सर्लाही, रौतहट, महोत्तरी, बारा र धनुषा तथा पश्चिमाञ्चलका नवलपरासी, कपिलवस्तु जिल्लाहरू क्षेत्रफलको हिसावले बढी नै स्थान ओगेटेको छ। नेपालको कुल उखुं उत्पादन २००७ मा हालसम्मको बढी २५.९९ लाख मे.ट. ततपश्चात २००८ मा २४.८५लाख र २००९ मा २३.५४ लाख मे.ट. रहेको छ। २०१७।१८ मा ६४,४८३ हे. २९.३ लाख मे.टन उत्पादन भई उत्पादकत्व ४५.४ टन प्रति हे. रहेको छ। विश्वा क्षेत्रफलमा ३५ औं, उत्पादनमा ४१ औं र उत्पादकत्वमा ६७ औं स्थानमा रहेको छ। यसवाट यो प्रष्ट हुन्छ कि बर्षेनी उखुं उत्पादन घटने र पुनः मिलको संख्या बढदा बढेको अवस्था छ।

२०६७/६८ कसिंग सीजनमा श्रीराम सुगर मिल्स, गरूडा रौतहटले लगभग २० लाख क्वी., ईन्दु शंकर चिनी मिल, हरिऔनले २५ लाख क्वी तथा एभरेष्ट सुगर मिल्स, रामनगरले २२ लाख क्वी उखु पेलेको थियो भने गत वर्ष करीब ११ लाख श्री राम सुगर मिल्स, गरूडाले, ३५ लाख ईन्दु शंकर हरियोन र ३४ लाख क्वीनटल एभरेष्ट सुगर गौशालाले पेलेको थियो। हाल अन्नपूर्णा र महालक्ष्मी चिनीमिल सर्लाहीमा थप्दा उँखु आपूर्ति विभाजित भएको छ। २०६७ सालमा उखुको भाउ पनि सरकार, उखु उत्पादक, संघ तथा चिनीमिल मालिकको निणर्यले बृद्धि गरी रू. ४११.५ प्रति क्वीन्टल थियो भने हालमा सरकारी अनुदान सहित रू. ६३६ गरेकोले आर्कषक देखिन्छ। उखु उत्पादनबाट कृषक, मिल मालिक, कर्मचारी तथा उपभोक्ता सम्पूर्णको हकमा धेरै नै महत्वपूर्ण रहेको छ। तथापी कृषक, कर्मचारी, मिल मालिक तथा उपभोक्ता सबै वर्गमा समस्या नै समस्या रहेको छ जुन सरकार, मिलमालिक, उखु कृषक सबै संबेदनसील हुनु आवश्यक देखिन्छ।

नेपालमा २४०,००० मे.ट. चिनीको उत्पादन हुन्छ। चिनी सन्मा २०१६।१७ मा रू. ३.६८ अर्वको ५६,१०० मे.ट. र २०१७।१८ मा रू. ५.७२ अर्वको १०६,२०० मे.ट. बाहिरबाट आयात गरिएको थियो।

***उँखु खेती तथा उत्पादनका फाईदाहरू :***

–रुठूलो तथा मध्यम किसानले धान, गँहु खेतीमा पटक पटकको श्रमिक एवं खर्च लगाउने झन्झटिलो हुनबाट बच्न सकिन्छ।

– उँखुबाट सोझै एकमुष्ठ ठुलो रकम आउन सकिने नगदे बाली हो, जसबाट कुनै ठुलो नयाँ काम गर्न सहयोग मिल्दछ।

– उँखु रोपाई तथा कटाईको बेला कृषकहरूलाई फुर्सद रहने भएको हुनाले श्रमिक तथा कृषि औजारहरूको प्रयोगमा कुनै प्रतिष्पर्धा हुदैन।

– एक वर्ष लगाएपछि २/३ वर्ष सम्म काटन सकिने भएको एक रोपाई ३ कटाई गरीने बाली भनिन्छ। जसले गर्दा लागत कम आम्दानी बढी हुन्छ।

– उँखु खेतीबाट कटाईको बेला सुकेका पातहरूले गरीबहरूको दाउराको समस्या हल भई वन जंगल कटानीको नियन्त्रणमा पनि सहयोग पुऱ्याउछ।

– उँखुको हरीयो माथिल्लो टुप्पा तथा पात गाई, बस्तुको लागी पोषिलो घाँस मानिएको हुनाले दुध उत्पादन समेतमा सहयोग पुऱ्याउछ।

– यसवाट छाडा पशु पालन नियन्त्रण हुनुका साथै खाली जमीनको सदुपयोग हुन्छ।

– उँखुको सुकेका पात तथा पतिङ्गरबाट घर छाउनुका साथै राम्रो कम्पोष्ट मल बनाउन सकिने भएको हुनाले यसको खेती गर्न बाह्रय रसायनिक मल नभए पनि हुने बाली हो।

– उँखु चिनी मिलमा पठाउन नचाहे भेली बनाएर पनि ६०-६५ रू. प्रति के.जी को दरले बेचेर राम्रो आम्दानी गर्न सकिन्छ वा खादसारीमा पनि पठाएर आम्दानी गर्न सकिन्छ।

– उँखु खेती अरू बाली गर्न नसकिने जग्गा जस्तै पानी जम्ने, कम मलिलो, अम्लिए, क्षारीय माटो असिचिंत समेतमा गर्न सकिन्छ।

– उँखु खेतीलाई उम्रेको केही दिन पछि असिना, धेरै चिसो, छाडा गाईबस्तुले धेरै नोक्सान पुऱ्याउन सक्दैन।

– उँखु खेतीमा ढुवानी, कटानी, रोपाई माटो चलाउन तथा मिलमा कर्मचारी श्रमिकहरूको धेरै आवश्यकता भएको हुनाले बेरोजगारी समस्या समेत समाधान गर्न सकिन्छ।

– उँखु बालीको उम्रने अवधि लामो तथा बृद्धि विस्तारै हुने भएकोले दुई वटा पंक्तिको बीचमा अर्को नगदे बालीहरू जस्तै : तोरी, मसुरो, धनिया, खुर्सानी, हरियो मल बाली जस्तै : मुंग, बोडी उत्पादन गरी अतिरिक्त फाईदा लिन सकिने बाली हो

– धेरै रोग किरा नलाग्ने, लागे पनि एकदमै धेरै नोक्सान नहुने बाली हो।

– सिचांईको सुविधा मै भर नपर्ने बाली हो।

– उँखुबाट भेली बनाउदा लाग्ने सम्पूर्ण दाउरा उँखु पेल्ने मेशीनबाट निस्किने सिटीबाट प्राप्त गर्ने गरीन्छ।

– चिनी मिलले यसको उपउदपादहरू जस्तैः स्पिरिट, अलकोहल, मोलासीयस, कागज, प्रेसमड, विजुली तथा मल पनि बनाएर थप आम्दानी गर्ने गरिन्छ।

***उँखु खेती फस्टाउन नसक्नुका कारणहरू :***

**(क) कृषकस्तरका :**

– कृषकले एकदमै हेलचक्रयाई गरी उँखु खेती गरेको।

– गरीब कृषकहरूले रोप्ने बेला मल, वीउ, लेबरको बढी लागत धान्न नसकेको।

– सिफारिस अनुसारको उन्नत खेती प्रविधि अपनाउन नसक्नु।

– बीमा, ऋण तथा वितिय सुविधा प्राप्त नगर्नु।

– सिचांई, मल चाहिएको बेलामा उपलब्ध नहुनु।

– उखु ढुवानी गर्न चिनी मिलबाट दिईने पुर्जी (चलान) समयमा नपाउनु एकको चलान अर्कोलाई दिनु वा बेच्नु।

– उँखु ढुवानीका साधन नपाउनुका साथै ढुवानी साधन तौल हुने (संकलन केन्द्र) काँटा/मिलबाट छिट्टै खाली नहुनु।

– तौलको बेला जरतीको नाममा २ देखि २० प्रतिशतसम्म काटनु।

– उँखुको रकम पाउन धेरै समय लाग्नु।

– चिनी मिलको प्राविधिकबाट प्राविधिक सहयोग सरसल्लाह नपाउनु।

– उँखु ढुवानी फाल्गुन भित्र गर्न सकियो भने निःशुल्क कटानी हुने, पछि गर्मीको कारण घाँस कम प्राप्त तथा मसुरो गहुँ कटानीमा व्यस्त हुने भएकोले पछि ढुवानी गर्न उचित नमान्ने।

– चिनी बढी पर्ने उदेश्यले मिलले समयमा मिल चालु नगर्नाले कृषकलाई अनावश्यक दुःख हुनु।

**(ख) चिनीमिल स्तरका :**

– मिलले सही तथ्यांक ( जात, किसान, क्षेत्रफल, अनुमानित उत्पादन) नराख्नु।

– मिल सुचारू रूपले नचली मेशिनरी समस्या हुनु।

– मिलमा दैनिक क्रसिङ्गको क्षमता बढी उखु मिल / काँटामा भीड लाग्नु।

– मिलमा कर्मचारीहरूद्धारा हडताल बन्दी हुनु।

– नियमीत तरीकाले उखु

***बाँकी चार पृष्ठमा***


विष्णुपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विष्णुपुर, सप्तरी, प्रदेश नं.-२, नेपाल

सूचना। सूचना॥ सूचना॥।

उपरोक्त सम्बन्धमा यस गाउँपालिका, वडा नं.-३ को लागि चालु आ.व. २०७६/०७७ मा वडा स्तरीय पूर्वाधार विकास कार्यक्रम अन्तरगत संचालन हुने तपसिलका योजनाहरुको उपभोक्ता समिति तथा अनुगमन समिति गठन हुने मिति, समय र स्थानमा उपस्थित भई दिनु हुन सम्बन्धीत सबै सरोकारबालाहरुलाई जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | योजना/कार्यक्रम | वडा नं. | अनुमानित लागत | उपभोक्ता/कोटेशन/ठेक्का | गठन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | अर्जुन ठाकुर घर देखि वगमुही नदी पुल सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५००००० | उपभोक्ता | २०७६।१०।१४ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| २ | भोला साह पसल देखि समर्पैत साह मिल हुदै रामा राम घर सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५००००० | उपभोक्ता | २०७६।१०।१५ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| ३ | श्री जनता अधारभुत विद्यालय देखि खुशिलाल खंग घर सम्म माटो तथा ग्राभेल कार्य | ३ | ५००००० | उपभोक्ता | २०७६।१०।१६ | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ४ | राम सुनर घर देखि जितु साह घर सम्म ढला कार्य | ३ | ५००००० | उपभोक्ता | २०७६।१०।१७ | १०:०० बजे | हनुमान मन्दिरको प्राङ्गणमा |
| ५ | धाता टोल जागेश्वर मण्डल घर देखि छठु मण्डल घर सम्म माटो तथा ग्राभेल ढलान कार्य वा वढकी पोखरीको पुर्व डीलमा चबुतरा कार्य | ३ | ३००००० | उपभोक्ता | २०७६।१०।१८ | ११:०० बजे | बडकी पोखरी नजिक |
| ६ | सकलदेव मण्डल घर देखि पिपल रुख सम्म र श्याम पण्डित घर देखि जगदिश पण्डित घर सम्म माटो ग्राभेल तथा ढलान कार्य | ३ | ५००००० | उपभोक्ता | २०७६।१०।१९ | १०:०० बजे | पूर्व टोलको फुलबारीमा |
| ७ | श्याम पण्डित खेत नजिक ह्यूमपाइप केटिङ्ग कार्य | ३ | ३५०००० | उपभोक्ता | २०७६।१०।१० | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ८ | दिनाभद्री थान निर्माण कार्य | ३ | ३००००० | उपभोक्ता | २०७६।१०।११ | १०:०० बजे | वडा कार्यालयको प्राङ्गणमा |
| ९ | कट्टी टोलमा अधुरो सामुदायिक भवन निर्माण कार्य | ३ | ३५०००० | उपभोक्ता | २०७६।१०।१२ | १०:०० बजे | कट्टी टोलमा |

- प्रमुख प्रशासकिय अधिकृत

# विभिन्न सात बुँदे माँगसहित महासंघलाई ध्यानाकर्षण

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरीले पत्रकारहरुको समस्या र विभिन्न धम्की आएको घटनाप्रति गम्भिर नभएको भन्दै ७ बुँदे ध्यानाकर्षण पत्र बुझाइएको छ।



महासंघका सल्लाहकार श्रवणकुमार देवले सात बुँदे माँगसहित महासंघका उपाध्यक्ष श्यामसुन्दर यादवलाई मंगलबार ध्यानाकर्षण पत्र बुझाएका हुन्।

बुझाइएको ध्यानाकर्षणपत्रमा पत्रकारहरुमाथि आएका धम्कीको सन्दर्भमा महासंघले कुनै पहल नगरेको तथा कारणबारे स्पष्ट पार्न तथा आगामी दिनमा पत्रकारमाथि समस्या आउँदा गम्भीरतापूर्वक पहल गर्न आग्रह गरिएको छ।

महासंघको केन्द्रीय समितिले राजनीतिक दलमा लागेका, सरकारी कर्मचारीको सदस्यता नवीकरण गर्ने भनी गरिएको निर्णयको पूर्ण पालना गर्न, नयाँ सदस्यताको सन्दर्भमा पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारलाई सदस्यता बितरण गर्न, गैरपत्रकारलाई सदस्यता नदिन ध्यानाकर्षण पत्रमा उल्लेख छ।

त्यस्तै महासंघ शाखाको गत बर्ष कंचनरुप नगरपालिकाको धारापानीमा आयोजना गरिएको साधारणसभाका निर्णयहरु कार्यान्वयन गरी सार्वजनिक गर्न, पत्रकार महासंघभित्र रहेको लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार कोष र पत्रकार कल्याणकारी कोषमा अध्यक्ष र कोषाध्यक्षबाहेक ती कोषका संस्थापकमध्येका एक जना समेतको हस्ताक्षर चल्ने गरी खाता संचालनको व्यवस्था गर्न, पत्रकार महासंघमा पत्रकारहरुले दर्ता गराएको निवेदनमाथि हालसम्म कुनै सुनुवाई नभएकोले तत्काल ती निवेदनहरुमाथि यथासिघ्र सुनुवाई गर्न आग्रह गरिएको छ।

त्यस्तै महासंघ कार्यालयमा खरिद गरिएको सामग्रीहरुको विवरण र जानकारी सार्वजनिक गर्न आग्रह समेत गरिएको छ।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


# बाढी प्रभावित क्षेत्रको सही तथ्यांकका लागी तालिम

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालनी र सप्तकोशी नगरपालीकाका स्थानिय जनप्रतिनिधिहरूको क्षमता अभिबृद्धि सम्बन्धी बाढी प्रभावित क्षेत्रको सही तथ्यांकको लागी तालिमको आयोजना गरेको छ।

कोशी पीडित समाजको आयोजना तथा अक्सफाम नेपालको सहयोगमा बिपद ब्यबस्थापन सुचना प्रणाली तथा प्रारम्भिक सर्वेक्षण, मुल्यांकन सम्बन्धि तीन सो तालिमको आयोजना गरेको हो।

स्थानिय सरकार संचालन ऐन २०७४ र बिपद जोखिम न्युनिकरण ऐन ०७५ बमोजिम एकद्वार प्रणाली लागू भई ऐनले निर्दिशष्ट गरेको समितिवाट तथ्यांक संकलन गरिने जनाइएको छ।

स्थानिय बिपद ब्यबस्थापन समिति, नगरका आईटि अफिसर, रेडक्रस प्रतिनिधि, तथा स्थानिय प्रहरी, सम्बन्धी सँघसंस्थाका प्रतिनिधि सम्मलित टोली परिचालन समेत गरिने छ।

निर्धारित समय भित्रै सरोकारवाला निकायहरू सँग सही तथ्य उपलब्ध भएर खोज उद्धार तथा राहत ब्यबस्थापन र पुर्णलाभ कार्यक्रम गर्न थप बल पुग्ने बिश्वास लिएको केभिएसका निर्देशक देव नारायण यादबले जानकारी दिएका छन।

पुष २९ देखि माघ १ गते सम्म संचालित अभिमुखिकरण तालिममा हनुमानगर कंकालनी वडा नम्वर २ वडा अध्यक्ष संतोष गोईत, ३ का बिजय यादव, ४ का अध्यक्ष नागेश्वर मण्डल, ६ का अध्यक्ष रामनाथ मण्डल, ७ का लक्ष्मी प्रसाद दास, ८ का रून्दीलाल मण्डल, १२ रामदेव मुखिया, १३ बिन्देश्वर यादब,वडा १४ का अध्यक्ष सत्य नारायण यादब, सप्तकोशी नगरपालीका ३ वडा अध्यक्ष देव कान्त चौधरी, कोशी पिडित समाजका अध्यक्ष ननु लाल मण्डल, केभिएसका निर्देशक देव नारायण यादब, अनईटी अफिसर महान्नद चौधरी, हनुमाननगर कंकालनी नगरपालीका सुचना प्रबिधि अधिकृत अमित पाठक, स्वास्थ शाखाका बिरेन्द्र यादब, केभिएसका कार्यक्रम संयोजक शंभु चौधरी, श्रवण चौधरी, अधिकृत सुकेदव चौधरी, लगायत ४५ जनाको सहभागिता रहेको थियो।

# बैंकमा बम फेला

**राजविराज**/ राजविराजस्थित एक निजि बैंकको कार्यालयमा बम फेला परेको छ। राजविराज वडा नं. ८ मा संचालनमा रहेको एन आई सि एसिया बैंकमा मंगलबार बिहान बम फेला परेको हो। उक्त बमलाई नेपाली सेनाले सोही दिन निस्कृय पारेको छ।

बैंकको दोस्रो तल्ला चढ्ने भर्‍याङको कुनामा बम फेला परेको हो। बैंकका प्रबन्धक मुकेश साहले कुनामा सेतो प्लास्टिकको कार्टुनमा शंकास्पद्धबस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए।

बम राखिएको खबर प्राप्त भएपछि भिमदल गणका प्रमुख सेनानी गुप्त बहादुर कुँवरसहित क्याप्टेन कमल श्रेष्ठ नेतृत्वको बम डिस्पोजल टोली सो स्थानमा पुगी वरपर खाली गराएको थियो।

सेनाको बम डिस्पोल टोलीले डेढ घण्टाको प्रयास पछि उक्त बम निस्कृय बनाएको प्रमुख सेनानी कुँवरले बताए।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


### *नेपालमा उखु ...*

ढुवानी नहुनु।
– उखु प्राविधिकहरूले छिटो, मुख्य सिजन तथा ढिलो जातका उखुहरूको खेती न गराई जथाभावी गराउनु।
– नगदी किन्न सक्ने पुँजी नहुनु, चिनी तुरून्तै विक्री गर्न न सक्नु।
– धेरै चिनी पर्ने उखु/खुंटी जात व्यस्थित भएर मिलमा नपुग्नु।
– कहिले काही ट्रक, टैक्टर, विग्रेर जाममा पर्नुले मिल निरन्तर रूपमा नचल्नु।
– मिलमा क्षेत्रफल उत्पादन तथा मिलको कसिङ्गको क्षमताको तालमेल न मिल्नु।
– कर्मचारीहरूले कृषकबाट पैसा लिई चलान दिनु।
– काँटामा एकको उखु अर्कोमा थपेर वा बजन घट बढ गर्नु।
– उँखु सालै भरि प्राप्त नहुनुका साथै भंडारण गर्ने व्यवस्था नहुनु।
– मिलले आफनो एरीयाको उखु हुदाँ हुदै अर्को मिलका कृषकको उखु नगदी खरीद गर्नु।
– नियमित कृषकको रकम नदिइ अनियमित कृषकको रकम अनियमित तरीकाले भूक्तानी दिनु।
– संगठित र व्यवस्थित तरीकाको कमी तथा मीलबाट समयमा अनुगमन नहुनु।
– मोरहन र खुटी उखु उत्पादनका प्रविधि राम्रो किसिमले कृषकलाई नदिनु।

**(ग) नेपाल सरकार स्तरको :**
– सरकारको नितीमा उखुलाई प्राथमिकतामा न पार्नु तर अव उखुलाई राष्ट्रिय बालीको रूपमा घोषण भएको।
– सिचांई, उन्नत जातको विउ तथा मलको उपलब्धता समयमा न गराउनु।
– उखुमा अध्ययन अनुसंधान गराउन नठान्नुका साथै उक्त विषयमा उद्योगपतिलाई जिम्मेवारी हुने धारणा हुनु।
– बीमा, वितिय सुविधा अनुदान तथा ऋण विधिवत तरीकाबाट उपलब्ध गराउन नसक्नु।
– चीनी मिललाई रूग्न उद्योगको व्यवस्था नहुनु जसले मर्कामा परेको मिल धनीले सहुलियत पाउन सक्ने।
– कम उत्पादन लागत लाग्नका लागि उन्नत कृषि औजार ( जोत्ले, रोप्ने, कटाई) मेशिनरीको व्यवस्था न गराउनु।
– उखुँको भाउ निर्धारण, सम्झौता, चिनी आपुर्ती तथा आयात निर्यातको नितिगत व्यवस्था नमिलाउनु।
– स्थानीय तथा प्रदेश सरकारले उखु उत्पादन प्रविधि विकास, प्रवर्द्धन तथा समस्या समाधानमा सहयोग नगर्नु। कृषक, कर्मचारी तथा मिल बीचको द्धन्दको अनुगमन तथा सही सहजीकरण नगर्नु। *( मधेश दर्पण फिचर सेवा)*

# अन्तर बिद्यालय क्रिकेटको उपाधी म्याकसेललाई




**राजविराज**/राजविराजमा संचालित अन्तर बिद्यालय जिल्ला स्तरीय क्रिकेट प्रतियोगिताको उपाधी म्याक्सेल सेकेण्ड्रीले हात पारेको छ। म्याक्सेलले दुर्गा सेकेण्ड्रीलाई रोमान्चक खेलमा २ रनले पराजित गर्दै ट्रफि हात पारेको हो।

सप्तरी क्रिकेट संघसंगको सहकार्यमा ग्रिन नेपालको आयोजनामा संचालित प्रतियोगताको फाइनल खेलमा म्याक्सेलले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित १३ ओभरको खेलमा ७ बिकेटको नोक्सान्रीमा ७७ रनको योगफल तयार पारेको थियो।

म्याक्सेलका लागि हसन जमालले नटआउट रहि ४० बलमा ३ चौक्का र १ छक्काको मदतले ३४ र केशव साह १५ रनको योगदान दिएका थिए। बलिंग तर्फ दुर्गाका सुजित सिंह २ तथा अभिशेक कार्कि, बरुणेश साह, भिम यादव, करण कामतले सामान १ बिकेट लिएका थिए।

७८ रनको चुनौति लिई मैदानमा ओर्लेको दुर्गाले राम्रो शुरुवाता गरेता पनी अन्तिम ओभरमा ६ रन बनाउन नसक्दा २ रनले पराजित हुन पुगेका थिए। दुर्गाका लागि सफल थापाले २७ बलमा ३ चौक्का र १ छक्काको मदतले २८ रन र भिम यादवले नटआउट रहि २० रनको योगदान दिएका थिए। बलिंग तर्फ म्याक्सेलका रोहन बिक २ र मो. सकिमले १ बिकेट लिए्का थिए। खेलको म्यान अफ द म्याच म्याक्सेलका हसन जमाललाई ट्रफि तथा नगद बितरण गरिएको थियो।

प्रतियोगिता अन्तर्गत ईर्मजिंग खेलाडि केअमाबिका गोलु सिंह, लिटल एन्जलका आर्यन चौधरी र म्याक्सेलका आदित्य राम, बेष्ट बौलर म्याक्सेलका मो. सकिम, बेष्ट ब्याटसम्यान म्याक्सेलका रोहन बिक र म्यान अफ द सेरिज लिटल एन्जलका नितेश यादवलाई नगद तथा ट्रफि प्रदान गरिए्को थियो भने फेयर प्ले अर्वाड लिटल एन्जल बिद्यालय भए्का थिए।

कार्यक्रम राजबिराज नगरपालिकाका उपप्रमुख साधना झाको प्रमुख आतिथ्यता एवं आयोजक समिति संयोजक खेलानन्द दासको अध्यक्षतामा भएको थियो भने कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल, भिम दल गणका गणपति गुप्तबहादुर कुवर, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठ, सप्तरी क्रिकेट संघकै सचिव चन्दन यादव, क्रिकेट बिकास प्रतिष्ठानका अध्यक्ष इन्द्रनारायण देवलगायतले खेलाडिलाई नगद तथा ट्रफि प्रदान गरेका थिए।

# मयेर कपमा फत्तेपुर बिजयी

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिता अन्तर्गत शनिवार सम्पन्न खेलमा त्रियुगा स्पोर्टस क्लब फत्तेपुर सप्तरी बिजयी भएको छ।

प्रतियोगितामा आक्रमक खेल खेलेको फत्तेपुरले पोखरियागढ फुटबल क्लब अमही सिरहालाई शुन्यका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै बिजयी शुरुवात गरेको हो।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाको आयोजनामा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको जनाएको छ।

माघ १२ गते फाइनल हुने प्रतियोगिताका बिजेताले नगद रु. ५५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. ४५ हजार पाउने आयोजकले जनाएको छ।

# दुई सिकारी पक्राउ

**राजविराज**/वन क्षेत्रमा अवैध रुपमा सिकार गर्दै गरेका दुई जना सिकारीलाई प्रहरीले एक थान भरुवा बन्दुकसहित पक्राउ गरेको छ।

प्रहरीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ गोरपारबाट कंचनरुप नगरपालिका १ बस्ने ४० वर्षिय बाबुलाल चौधरी र सप्तकोशी नगरपालिका १० बस्ने ३० वर्षिय रबिन तामाङलाई पक्राउ गरेको हो।

उनीहरुको साथबाट भरुवा बन्दुक एक थान, त्यसमा प्रयोग हुने २५ थान सर्रा र केही मात्रामा बारुद्ध बरामद गरिएको तथा नियन्त्रणमा राखी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




# वडा अध्यक्षको निधन

**राजविराज**/ सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. १ का वडा अध्यक्ष मुक्ति कार्कीको गत आइतबार निधन भएको छ। ५५ वर्षिय अध्यक्ष कार्कीको सोमबारै अन्त्येष्टि गरिएको छ।

गत स्थानीय तह निर्वाचनमा तत्कालीन नेकपा एमालेबाट वडध्यक्षमा निर्वाचित अध्यक्ष कार्की केही समयदेखि अस्वस्थ रहँदै आएका थिए। उनका श्रीमती, २ छोरी र १ छोरा छन्।

## अन्तर्राष्ट्रिय समाचार

# 'शब्द चयनमा होसियार रहन' खामेनीलाई ट्रम्पको चेतावनी

**वाशिङ्टन**/राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता अयातोल्ला अली खामेनीलाई 'उनका शब्दप्रति होसियार बन्न' चेतावनी दिनुभएको छ। "पछिल्लो समय साख गुमाइसकेका इरानका तथाकथित 'सर्वोच्च नेता'ले यूरोप र अमेरिकाबारे 'नीच शब्द' बोलेका छन्," शुक्रबार खामेनीद्वारा प्रार्थनासभामा सम्वोधनका क्रममा प्रयोग गरेका शब्दप्रति चासो व्यक्त गर्दै अमेरिकी राष्ट्रपतिले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ।

ट्रम्पले भन्नुभयो, "खामेनीको सम्बोधनमा प्रयोग भएको भाषा उत्तेजित थियो। खामेनीले बेलायत, फ्रान्स र जर्मनीलाई 'अमेरिकाको सेवक' भनेर गम्भीर गल्ती गरेका छन्।" ट्वीट सन्देशमा भनिएको छ, "इरानको अर्थतन्त्र धराशायी भएको छ र त्यहाँका नागरिक पीडित छन्। नेतृत्वमा रहेका नेताले आफ्नो भाषा (शब्द) प्रयोगमा होशियारी नअपनाएमा यसको नतिजा उनीहरू आफैँले भोग्नुपर्नेछ।"

शुक्रबार तेहरानको प्रसिद्ध मोसाला मस्जिदमा प्रार्थनासभामा सन् २०१२ पछि पहिलो पटक सम्वोधन गर्दै इरानविरोधी शक्तिले दुर्घटनालाई इस्लामिक गणराज्यको विरूद्धमा प्रचारप्रसार गर्न लागि परेका बताउनुभएको थियो। प्रवचनमा इरानी नागरिकलाई राष्ट्रियताको रक्षाका लागि एक गर्न आग्रह गर्दै अमेरिकालगायत यूरोपेली केही मुलुकको नाम लिएरै आलोचना गर्नुभएको थियो। सर्वोच्च नेता खामेनीले तेहरानमा गरेको सम्बोधनमा विमान खसालिनु तीतो यथार्थ भएको र यसले हरेक इरानी नागरिकको मन जलेको बताउँदै तर यसैको आवरणमा केही शक्तिले इरानी विशेष बलका मेजर जनरल कासिम सुलेमानीको शहादत र बलिदानलाई बिर्साउने गरी घटनालाई अतिप्रचारमा ल्याएका भन्दै यसमा सबै इरानीले सचेत बन्नुपर्नेमा जोड दिनुभएको थियो। एजेन्सी

# 'अफगानी तालिवानद्वारा जनवरीको अन्त्यसम्म सम्झौता गर्ने तयारी'

**काबुल**/अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता गर्ने र अफगानिस्तानमा स्थायी शान्तिका लागि यही जनवरीको अन्त्यसम्ममा सम्झौता गर्ने तयार भइरहेको तालिवान समूहले शनिबार बताएको छ।

तालिवान समूहले सम्झौताको तयारी भइरहँदा आफ्ना सैनिक गतिविधिलाई पनि बिस्तारै 'घटाउँदै' लगेको अफगानी विद्रोही समूहका प्रवक्ताले बताएका छन्। प्रवक्ता सुहाइल शाहिनलाई उद्धृत गरी पाकिस्तानी अङ्ग्रेजी दैनिक 'डन'ले लेखेको छ, "तालिवान समूह र अमेरिकी प्रतिनिधिबीच यसै हप्ता कतारको राजधानी दोहामा वार्ता भएको छ र सम्झौताका लागि सैन्य गतिविधि घटाउँदै लाने सहमति भएको छ।" तालिवानी विद्रोहीले यसअघि एएफपीलाई दिएको सूचनामा उनीहरूले केही समय (छोटो) युद्धविराम गर्न लागेको बताएको थियो।

तालिवान समूह वाशिङ्टनसँग सम्झौता गर्ने बिषयमा निकै आशावादी रहेको छ प्रवक्ताले भने। सहमतिमा अफगानी सेनाले विद्रोहीविरूद्धको कारबाहीलाई देशभर घटाउँदै लाने पनि उल्लेख छ। यो बिषय अब केही दिनको हो, प्रवक्ताले भनेका छन्। वाशिङ्टनले केही हप्ता हिंसात्मक गतिविधि कम गरी तालिवान समूहले शान्तिको वातावरणलाई प्रत्याभूत गर्न आग्रह गरेको छ। तालिवान समूहले शान्तिको वातावरण प्रत्याभूत गरेपछि दुई दशकसम्म अफगानिस्तानको सरकारी सेनालाई सहयोग गर्दै आएको अमेरिकाले आफ्नो सेनालाई फिर्ता लान सुरू गर्नेछ। तालिवान र अमेरिकाले करिब एक वर्षपछिको वार्तापछि सन् २०१९ को सेप्टेम्बरमा सम्झौताको नजिक पुगेको घोषणा गरेको थियो तर राजधानी काबुलमा तालिवानी समूहको आक्रमणमा अमेरिकी अधिकारीको मृत्युपछि अमेरिकी राष्ट्रपतिले एकाएक सहमतिको प्रक्रिया 'अन्त्य' भएको घोषणा गर्नुभएको थियो। अमेरिका र तालिवानी प्रतिनिधिबीच डिसेम्बरपछि कतारमा पुनः वार्ता सुरू भएको थियो तर अफगानिस्तानको बाग्राम सैन्य शिविरमा तालिवानी समूहले आक्रमण गरेपछि फेरि केही समय वार्ता अवरूद्ध भएको थियो। बाग्राम सैन्य शिविरलाई अमेरिकाले सञ्चालन गर्दै आएको छ।

अमेरिकासँगको सम्झौतापछि तालिवान समूह र अफगानी सरकारबीच वार्ताका लागि बाटो खुल्ने बताइएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले अफगानिस्तानबाट सेना फिर्ता गर्न सहमति जनाइसक्नुभएको छ भने तालिवानले पनि विदेशी जिहादी समूहलाई अफगानिस्तानमा आश्रय नदिने बिषयमा सहमति जनाएको छ। अमेरिकाले अफगानिस्तानमा आफ्नो प्रवेश अल-कायदासँगको तालिवानी सम्बन्ध भएको बताएको छ। एजेन्सी

# लिबियाबाट एक लाख पचास हजार विस्थापित

**त्रिपोली**/लिबियामा भएको द्वन्द्वका कारण एक लाख ५० हजार भन्दा बढी स्थानीय बासिन्दा विस्थापित भएर शरणार्थी बन्न पुगेका छन्। संयुक्त राष्ट्रसंघीय शरणार्थी आयुक्तको कार्यालय (युएनएचसीआर) ले शुक्रबार दिएको जानकारीअनुसार लिबियाको राजधानी त्रिपोली र आसपासका क्षेत्रमा फैलिएको द्वन्द्वका कारण उनीहरु विस्थापित भएका हुन्। "सन् २०१९ को अप्रिलदेखि भइरहेका द्वन्द्वका घटनाहरुका कारण एक लाख ५० हजारभन्दा बढी स्थानीय बासिन्दाले आफ्नो घर छाडेर हिडेका छन्," शरणार्थी आयुक्तको कार्यालयले भनेको छ।विस्थापित भएर आन्तरिक रुपमा शरणार्थी भएकाहरुलाई आयुक्तको कार्यालयको तर्फबाट सहयोगी सामग्रीहरु उपलब्ध गराइरहेको पनि कार्यालयले जनाएको छ। झण्डै तीन हजार शरणार्थी तथा आप्रवासीहरु मध्य लिबियामा नजरबस्दमा परेको पनि कार्यालयद्धारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।त्रिपोलीमा सन् २०१९ को अप्रिलदेखि सैन्य अभियान चलाइएको छ। उनीहरुले त्रिपोली सहर आफ्नो नियन्त्रणमा लिएका छन्। सन् २०११ मुअम्मर गद्दाफीको शासनलाई पतन भएयता लिबिया असुरक्षा र अराजकता बढ्दै गएको पाइन्छ। लिबिया गैरकानुनी युरोप जान चाहने आप्रवासी लागि प्रस्थानको माध्यमको रुपमा पनि रहेको छ। एजेन्सी

# साह सदनका पदाधिकारीले खाए सपथ



**राजविराज**/प्रदेश २ का भूमी व्यवस्था कृषि सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले शनिबार एक समारोहबीच राजविराजस्थित साह सेवा सदन)का नवर्निाचित पदाधिकारीहरुलाई शपथ गराएका छन् ।

सो अवसरमा मन्त्री साहले सामाजिक संस्थाको रुपमा रहेको सदनलाई थप व्यवस्थित एवं पारदर्शि भएर सञ्चालन गर्नुपर्ने नव कार्यसमितिलाई जिम्मेबारी बढेको बताएका छन् । समाज सेवा अनुरुप सदनलाई सञ्चालन गर्दै गएमा आम नागरिकको आकर्षण बढ्ने विश्वास व्यक्त गरे ।

सदनका अध्यक्ष मण्डलका संयोजक पूर्व साँसद जगदिशप्रसाद साहको अध्यक्षतामा आयोजित सो कार्यक्रममा साह शिक्षक तथा कर्मचारी मिलन केन्द्रका अध्यक्ष धर्मदेव साह, नेपाल पत्रकार महासंघका शाखा सप्तरीका पूर्व अध्यक्ष धीरेन्द्रप्रसाद साह, महिला नेतृ किरणकुमारी साह, जिल्ला बार इकाइका अध्यक्ष डोमन साह लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । सोही कार्यक्रममा सदनका संस्थापकसहित विशिष्ट योगदान पुऱ्याएका करिब डेढ दर्जन व्यक्तित्वलाई सम्मान समेत गरेको छ ।

गत आइतबार सम्पन्न निर्वाचनबाट तीन वर्षे कार्यावधि रहेको कार्यसमितिको अध्यक्षमा दुर्गाप्रसाद साह, उपाध्यक्षमा आनन्दलाल साह, सचिवमा चन्द्रनारायण साह, कोषाध्यक्षमा कामेश्वर साह निर्वाचित भएका थिए । यस्तै सदस्यमा संजयकुमार साह, रामचन्द्र साह, धिरेन्द्रकुमार साह, रामकुमार साह, र भागवत साह निर्वाचित भएका हुन ।

त्यस्तै सहसचिवमा सुकुमार साह, महिला सदस्यमा किरण साह र मिनाकुमारी साह निर्विरोध निर्वाचित थिए ।

# छिन्नमस्ताको धर्ना स्थगित

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकामा दुई सातादेखी भइरहेको धर्ना कार्यक्रम स्थगन भएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्ण र सम्पूर्ण वडा अध्यक्षहरुले माघ १० गतेसम्म आन्दोलनरत पक्षहरुको १४ बुँदे माँग पुरा गर्ने लिखित प्रतिबद्धता जनाएपछि सो धर्ना स्थगन गरिएको हो ।

नेकपा छिन्नमस्ता गाउँपालिका संघर्ष समितिका संयोजक बिनोद यादवका अनुसार पुस १५ गतेदेखी संचालित धर्ना कार्यक्रम मंगलबारदेखी स्थगन भएको हो ।

गाउँपालिकाको कार्यालयमा भएको वार्तामा ती माँगहरु बारे प्रमुख प्रशासकीय अधिृकत र वडा अध्यक्ष तथा सदस्यहरुले लिखित प्रतिबद्धता जनाए पनि सो क्रममा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उपस्थिति भने थिएन् ।

गाउँ परिषद् अविलम्ब गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता तत्काल उपलब्ध गराउनु पर्ने, उपभोक्ता समितिद्वारा सम्पन्न भइसकेका कामहरुको भुक्तानी हुनुपर्ने तथा विभिन्न अनियमितताको छानबिन हुनुपर्ने लगायतका १४ बुँदे माँग सार्दै संघर्ष समितिको अगुवाईमा धर्ना दिइएको थियो । यसअघि ती माँग मध्ये गत बिहीबार धर्ना कार्यक्रमकै बीचमा सामाजिक सुरक्षा भत्ता बितरण गरिएको थियो ।

# वडा अध्यक्षको मोटरसाइकल चोरी

**राजबिराज**/सप्तरीको तिलाठी कोईलाडी गाउपालिका वडा २ को वडा कार्यालयको मोटरसाईकल वडा अध्यक्षको घरबाटै चोरी भएको छ ।

वडा नं. २ लौनियाँस्थित वडा अध्यक्ष खगेन्द्र मण्डलले चलाउँदै आएको स.१ब. १३९२ नम्बर मोटरसाईकल चोरी भएको हो ।

गत शनिबार राती ११ बजे तिर घर अगाडिबाट चोरी भएको तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिएका छन् ।

यता मोटरसाईकल चोरी भएको सम्बन्धमा छानविन भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

# जन्तीको ट्र्याक्टर दुर्घटनामा दुईको मृत्यु, पाँच घाईते

**सिरहा**/सिरहाको गोलबजार नगरपालिका ७ पुरानो चोहर्वामा ट्र्याक्टर दुर्घटना हुदाँ दुई जनाको मृत्यु भएको छ भने पाँच जना घाईते भएका छन् ।

जन्ती लिएर जाँदै गरेको स १ त ६५६० नम्बरको ट्र्याक्टर दुर्घटना हुदाँ ट्र्याक्टरमा सबार सिरहाको लहान नगरपालिका १३ निवासी २१ बर्षीय सन्तोष कुमार यादव र सिरहाकै धनगढी नगरपालिका १२ निवासी २२ बर्षीय श्रीप्रसाद मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाईते भएका दुबै जनालाई उपचारको लागि लहानस्थित अस्पताल ल्याउँदै गरेको अवस्थामा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । यता दुर्घटनामा घाईते भएका ५ जनाको स्थानीय क्लिनिकमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

# आगलागिमा दश लाखको क्षति

**राजविराज**/ सप्तरीको तिलाठी कोलाडी गाउँपलिकामा आगलागी हुँदा तीन घर जलेर नष्ट भएको छ । सो आगलागिमा दश लाख बढीको क्षति भएको छ ।

वडा नं ७ मा स्थानीय देवनारायण साहको घरबाट अचानक सल्केको आगोले साहको एक घर, छिमेकी सूर्यनारायण साह र तेजनारायण साहका पनि एक/एक घर जलेर नष्ट भएका इलाका प्रहरी कार्यालय हनुमानगरले जनाएको छ ।

आगलागीबाट तीन जनाको खाद्यान्न, लत्ताकपडा, भाडावर्तन र नगद जिन्सीलगायत करीब रु १० लाखभन्दा बढी मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आगोलाई स्थानीवासी, प्रहरी र नगरपालिकाबाट आएको बारुणयन्त्रले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यसैबीच आगलागी भएको ठाउँमा पीडितका लागि तत्काल राहत दिनका लागि चिउरा, भुजिया, भुजा तथा त्रिपाल सहयोगका लागि गाउँपालिकाले व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिए ।

***धमाधम पक्राउ ...***

खातुन, सदाय मियाँ, अनेसुन खातुन र सनाबुल मियाँ छन् ।

यस्तै सवारी ज्यान मुद्दाका इनरलाल साह, जालसाजि मुद्दाका इस्लाम मियाँ र गाली बेइजती मुद्दाका फरार प्रतिवादी घुरनीदेवी यादव पनि पक्राउ परेका छन् । उनीहरु पनि खडक नगरपालिकाकै बासिन्दा रहेको प्रहरी नायब उपरिक्षक भारतीले जानकारी दिए ।

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*